# रुकुम–यू.एम.एन.

## वार्षिक प्रतिवेदन २०७३/७४



नेपालको नयाँ संरचना अनुसार रुकुम जिल्लालाई प्रदेश नं. ५ र ६ मा पूर्वी र पश्चिम रुकुम भनेर नेपालको संविधान २०७२ ले तोकेको छ । रुकुम जिल्लामा ३ वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेका छन् भने १०४ वडामा स्थानीय तहलाई विभाजन गरिएको छ । परम्परागत निर्वाहमुखी खेती प्रणाली, बेरोजगार, परनिर्भर जनसंख्याको अनुपात बढी, विकासका पूर्वाधारको अभाव र भौगोलिक विकटता तथा स्थानीय उत्पादनको बजारीकरणको चुनौती भए तापनि पर्यटन, जलश्रोत, जडीबुटी, तरकारी बिउ आदिको प्रशस्त सम्भाव्यता रुकुम जिल्लामा देखिन्छ ।

रुकुम क्लष्टरले जिल्लाको साविकको १३ गा.वि.स. र २ नगरपालिका तथा नयाँ संरचना अनुसाार ३ नगरपालिका र ३ गाउँपालिकाका ३३ वडामा ५ वटा साझेदार संस्था मार्फत् स्वास्थ्य, शिक्षा, दिगो जीविकोपार्जन, सुशासन, शान्ति प्रवर्द्धन र सर्वाङ्गीण सेवा विषयगत क्षेत्र अन्तर्गत क्षमता विकास र स्थानीय स्रोत साधनको पहिचान तथा परिचालन गरी रुकुम जिल्लामा ११ वटा परियोजनाहरू सञ्चालन गरियो ।

परियोजनाहरू सञ्चालन गर्दा, समन्वय, सहकार्य तथा अनुगमन गरी सहयोग गर्नुहुने जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तहहरू, विषयगत सरकारी निकायहरू, राजनैतिक दलहरू, विकासका साझेदार, गैसस, लक्षित समुदाय एवं सञ्चारकर्मीहरू साथै अहोरात्र काम गर्नुहुने स्थानीय साझेदार संस्था तथा यू.एम.एन.का कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

*ताराहाङ् तावा*
*क्लष्टर टिम लिडर*



युनाईटेड मिसन टु नेपाल
UMN

*रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन*

# विषयगत क्षेत्रका उपलब्धिहरू

## शिक्षा

- भुमे गाउँपालिकाको वडा नं. १ र २ तथा साविकको काँक्री गा.वि.स. को ८ ओटा विद्यालयहरूमा जिल्ला शिक्षा कार्यालयको समन्वयमा कक्षा १, २ र ३ का ९१५ बालबालिकाहरूमा वहुभाषा शिक्षा प्रणाली खाम मगर भाषामा लागु गरिएको छ । जसले गर्दा विद्यार्थीको उपस्थिति र औसत सिकाइ उपलब्धि वृद्धि भएको छ ।
- १३ ओटा विद्यालयहरूका बालमैत्री शिक्षणका लागि शैक्षिक सामग्री सहयोग, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि र अभिभावकको अर्थपूर्ण सहभागिताले सिकाइ प्रक्रिया र गुणस्तरीय शिक्षामा सुधार भइरहेको छ ।

## स्वास्थ्य

- रूखा, खारा र भलाक्चाको ३ वटा स्थानीय स्वास्थ्य संस्थाबाट १९६ जना मानसिक बिरामीहरूले नियमित रूपमा औषधि सेवन, परामर्श र जाँच सेवा लिइरहेका छन् । अन्य ठाउँबाट पनि परामर्श सेवा लिनेको संख्या वृद्धि भइरहेको छ ।
- पुथा उत्तरगंगा गाउँपालिकाको वडा नं. १४ राङ्सीमा जिल्ला स्वास्थ्य कार्यालयसँगको समन्वयमा घुम्ती शिविर सञ्चालन गर्दा ४१ जना महिलाहरूले इम्प्लान्ट, १ जनाले भ्यासेक्टोमी तथा ५९ जनाले विशेषज्ञ डाक्टरद्वारा आफ्नो स्वास्थ्य जाँच गराएका छन् ।
- पाँच वर्ष मुनिका बालबालिकाहरूको पोषण अवस्था सुधारका लागि राङ्सीमा सञ्चालित सकारात्मक भिन्न व्यवहारमा आधारित पोषण केन्द्रमा १४ जना मध्यम खालको कुपोषित बालबालिकाहरू मध्ये ११ जनाको पोषणमा सुधार भई सामान्य अवस्थामा आएका छन् ।
- तकसेराको बर्थिङ सेन्टरमा सहयोग र आमा समूहलाई सुरक्षित मातृत्व सम्बन्धी जनचेतना पश्चात् २६ जनाले सुरक्षित प्रसुति सेवा लिएका छन् भने ६१ जनाले राङ्सीमा र ३७ जना महिलाले तकसेरामा नियमित गर्भ जाँच गराएका छन् ।

## दिगो जीविकोपार्जन

- बाफिकोट गाउँपालिका वडा नं. ३, ४ र ५ मा स्यार्पू कृषि सहकारीबाट जिल्ला कृषि विकास कार्यालयसँगको सहयोगमा सञ्चालित स्यार्पू तालमा तार जाली सहितको आउटलेट निर्माण भएको छ । जसले गर्दा वार्षिक करिव ३०० के.जी. माछा बगेर जानबाट बचेका छन् ।
- आठविसकोट नगरपालिकाको वडा नं. ९, १० र ११ का ४ वटा समुदाय सशक्तिकरण केन्द्रका ११२ जना महिला सदस्यहरूले रू १,३५,००० वचत गरी तरकारी खेती, बाखा पालन व्यवसाय सुरूवात गरेका छन् ।
- राङ्सी गा.वि.स.का ४४ र आठविसकोट नगरपालिकाको वडा नं. २ र ३ मा २५ घरधुरीमा सुधारिएको फलामे चुलो वितरण पश्चात् दाउरा खपतमा कमी तथा भान्छाबाट निस्कने धुँवामा कमी आई मुख्यत: महिलाहरूको स्वास्थ्यमा सुधार भएको छ । साथै ११९.२३ टन कार्बन उत्सर्जन न्यूनीकरण भएको छ ।
- राङ्सीमा २६४ घनमिटर क्षमताका दुईओटा साना सिंचाइ योजना निर्माण पश्चात् ३४ घर परिवारको खेतीमा सिंचाइ सुविधा प्राप्त भएको छ ।



## शान्ति प्रवर्द्धन

- १० जना अपाङ्गता भएका बालबालिकाहरूले उपचारमा सहयोग प्राप्त गरे जसमध्ये ४ जना पूर्णरूपमा समुदायमा पुनर्स्थापित भएका छन् ।
- राजदुत बालबालिकाहरू मध्ये १५ जनाले शैक्षिक सामग्री जस्तै कापी, कलम, विद्यालय पोसाक आदि प्राप्त गरी विद्यालय निरन्तर गई अध्ययन गरिरहेका छन् ।



## सर्वाङ्गीण सेवा

- रुकुम जिल्लाका ५२ जना युवाहरूले असल नेतृत्व सम्बन्धी सिप हासिल गरेका छन् ।
- रुकुम जिल्लाका २० भन्दा बढी मण्डलीहरूमा सर्वाङ्गीण सेवा बारे अभिमुखीकरण सम्पन्न गरियो ।
- मुनपाका एक जना एकल महिलाले आयआर्जको लागि आर्थिक सहयोग प्राप्त गरी घुम्ती पसल सञ्चालन पश्चात् आफ्नो जीविकोपार्जनमा सुधार भएको छ ।
- २२ जना एस.ई.ई र १२ पढ्दै गरेका विद्यार्थीहरूले लक्ष्य निर्धारण तालिम पाई आफ्नो जीवन लक्ष्य बनाई कार्य योजना तयार गरेका छन् ।

## सुशासन

- भुमे गाउँपालिका वडा नं. ३ र पुथा उत्तरगंगा गाउँपालिकाको वडा नं. १४ को वडा नागरिक मञ्चको संयोजकहरूलाई सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सम्वन्धी तालिम पश्चात् टोल,बस्ती र वडा स्तरको वैठक मार्फत् योजनाहरू व्यवस्थित ढंगले गा.वि.स.बाट पारित भई इलाका हुँदै जिल्ला परिषद्मा पेश भएको छ ।
- श्री शहिद शुक्र मा.वि. मोरावाङ्मा सञ्चालन भएको सामुदायिक अंक पत्र कार्यक्रम पश्चात् विद्यालयको स्रोत आङ्कलन, सेवाको आधारमा सूचक तयार गरी सेवा प्रदायक र सेवाग्राहीको बैठक बसी विद्यालय व्यवस्थापन समिति अभिभावक र विद्यार्थीलाई बढी जिम्मेवार बनाएको छ ।

## सुधारिएको चुलोबाट स्वास्थ्यमा सुधार

सदरमुकाम मुसिकोटबाट निकै टाढा, विकट ठाउँ राङ्सीमा दलित र खाम मगर जातिको बसोबास रहेको छ । श्रीमान्को देहावसान पश्चात् करिब सोह्र वर्षदेखि पारिवारिक जिम्मेवारी वहन गर्दै आएकी ६३ वर्षीय एकल महिला झक्मारी बि.क. यही विकट बस्तीकी एक सदस्य हुन् । ठूलो परिवार अनि परम्परागत धुँवा आउने चुलोमा खाना पकाउनु उनको दैनिकी हो ।



साँघुरो घरभित्रको चुलोमा धुँवाको कारण दिन प्रतिदिन बिग्रँदो स्वास्थ्य उनको चुनौती बनेको छ । “आँखा कमजोर भइसक्यो, टाउको दुख्छ, सास फेर्न गाऱ्हो लाग्छ, अझ कामबाट फर्किएर ठूलो परिवारको लागि खाना पकाउँदा चुलोमा ढिलो पाक्ने हुँदा हैरान भईसकें” भन्छिन् वृद्धा झक्मारी । यू.एम.एन. र मिक नेपालले आयोजना गरेको विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण कार्यक्रममा सुधारिएको चुलो र आयआर्जन सुधारको लागि समूहमा छलफल चल्यो । झक्मारीले आफ्नो इच्छा व्यक्त गरिन् र समूहले पनि उनलाई उच्च सङ्कटासन्न वर्गमा पर्ने भएकोले सुधारिएको फलामे चुलो र बाख्रा पालनमा छनौट गरे ।

सुधारिएको चुलो जडान भएपछि खाना छिटो पाक्ने, कम दाउरा लाग्ने अनि धुँवा पनि भित्र नरहने भएकोले उनी खुशी भइन् । श्वास प्रश्वास र आँखाको समस्या निकै कम भएको अनुभव सुनाउँछिन् झक्मारी । उनी थप्छिन्, “संस्थाले मजस्तो गरिबलाई चुलो र बाख्रा दिएर ठूलो धर्म गरेको छ, म जस्तो वड्डी (स्थानीय भाषामा बुढी) दाउरा काट्न नसक्ने, तर यो चुलोमा एकैचोटि ढिंडो, तरकारी पनि पाक्छ, पाहुना आए भने चिया पनि अर्को चुलोको मुखमा पकाउन सकिने रहेछ ।”

झक्मारीले खाना पकाउँदा समयको बचत भएको बताउँदै बाख्रा पालनलाई पनि अझ व्यवस्थित गर्ने र आगामी दिनमा तरकारी खेती गर्ने योजना सुनाइन् र सहयोग गर्ने संस्थालाई धन्यवाद पनि दिइन् ।

*अविनाश बुढामगर र जीवन सिंह नेपाली*
*मिक नेपाल*

# साझेदार संस्थाहरुको नाम तथा लक्षित समुदाय विवरण

| नाम | साझेदारी मिति | लक्षित कार्यक्षेत्रहरू | लाभान्वित संख्या | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| नेपाल जनजागरण मञ्च | २०६४।०७।०६ | बाफिकोट गाउँपालिका वडा नं. ३, ४ र ५<br>मुसिकोट नगरपालिका वडा नं.११ र १२<br>त्रिवेणी गाउँपालिका वडा नं. १ देखि ५<br>आठविसकोट नगरपालिका वडा नं. ९,१०,११<br>पुथा उत्तरगंगा गाउँपालिका वडान नं. १०, ११ र १४ | १९५५ | स्वास्थ्य र दिगो जीविकोपार्जन |
| नेपाल मगर समाज सेवा तथा सुचना केन्द | २०६४।१२।१२ | पुथा उत्तरगंगा गाउँपालिका वडान नं. १४<br>भुमे गाउँपालिका वडान नं. १ र २ | १५६५ | शिक्षा तथा दिगो जीविकोपार्जन |
| नेपाल अपाङ्ग संरक्षण मञ्च | २०६४।०७।०६ | वाफिकोट नगरपालिका वडा नं. ३,४ र ५<br>मुसिकोट नगरपालिका १ देखि ८<br>सिस्ने गाउँपालिका वडा नं. ५ देखि ८ सम्म | ९५५ | अपाङ्गता र दिगो जीविकोपार्जन |
| ख्रीष्टिय समाज विकास अभियान | २०६५।०४।०१ | पुथा उत्तरगंगा गाउँपालिका वडा नं. १४<br>भुमे गाउँपालिका वडान नं. ३,७ र ८<br>आठविसकोट नगरपालिका वडा नं. २ र ३ | २७९३ | दिगो जीविकोपार्जन, शान्ति प्रवर्द्धन र सर्वाङ्गीण विकास |
| दलित सेवा संघ, जिल्ला शाखा | २०६४।१२।१७ | चौरजहारी नगरपालिका वडा नं. ६ | ५१५ | दिगो जीविकोपार्जन र पैरवी |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| स्वास्थ्य | ५७,५५,३९० | ५८,९३,८८१ |
| शिक्षा | ७२,५२,८०३ | ६९,२३,०२३ |
| दिगो जीविकोपार्जन | ७८,४०,५३० | ९१,८४,३७९ |
| शान्ति प्रवर्द्धन | १६,१३,०३४ | १६,३९,५२४ |
| सर्वाङ्गीण विकास | १८,१७,७८० | १९,५७,३८६ |
| सुशासन | १९,५८,१७२ | १७,३३,४४६ |
| कोर क्लष्टर | ५०,०१,८०० | ८३,७०,४२९ |
| **जम्मा** | ३,१२,३९,५०९ | ३,५७,०२,०६८ |

## कर्मचारी नामावली

| | |
|---|---|
| अर्जुन तामाङ | कार्यक्रम अधिकृत-सर्वाङगिण सेवा तथा अपांगता |
| कुलबहादुर चौधरी | वरिष्ठ कार्यक्रम अधिकृत - शिक्षा |
| कृष्ण बुढा क्षेत्री | सवारी चालक |
| क्याटरिन पार्कर | सल्लाहकार - स्वास्थ्य तथा समुदाय रूपान्तरण |
| जुनतारा बुढामगर | बरिष्ठ कार्यक्रम अधिकृत - दिगो जीविकोपार्जन (अध्ययन विदा) |
| प्रदिपराज पन्त | कार्यक्रम अधिकृत - स्वास्थ्य |
| ताराबहादुर वि.क. | बरिष्ठ प्रशासन तथा वित्त अधिकृत |
| ताराहाङ् तावा | क्लष्टर टिम लिडर |
| मेल्सन श्रेष्ठ | बरिष्ठ कार्यक्रम अधिकृत - दिगो जीविकोपार्जन |
| रीता सुनार | कार्यालय सहायक |






यूनाईटेड मिसन टु नेपाल
मुसिकोट, नगरपालिका वडा नं.-१
जिरो प्वाइन्ट, सल्ले, रुकुम
फोन नं. ८८-५३०१०२
इमेल: rukum@umn.org.np
वेभसाईट: www.umn.org.np